# इटहरी उपमहानगरपालिका

Itahari Sub- Metropolitan City
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
इटहरी सुनसरी
(शिक्षा, युवा तथा खेलकुद शाखा)

पत्र संख्या नं. : २०७९/०८०
चलानी नं. १८

मिति : २०७९/०४/१२

**बिषय** : वैदेशिक रोजगार छात्रवृत्ति सम्बन्धमा ।

**श्री सबै सामुदायिक विद्यालयहरु**
**इटहरी उपमहानगरपालिका, सुनसरी ।**

प्रस्तुत विषयमा वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाडौको मिति २०७९/०४/०९ गते प्रकाशित वैदेशिक रोजगार छात्रवृत्ति (शैक्षिक सत्र २०७९) का लागि निवेदन दिने बारेको सूचना र शिक्षा विकास तथा समन्वय इकाइ सुनसरीको च. नं. ३७ मिति २०७९/०४/१० गतेको पत्र यसै साथ संलग्न छ । पत्र अध्ययन गरी सोही बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

बोधार्थ: श्री सूचना शाखा, इटहरी उपमहानगरपालिका- वेवसाइडमा राखिदिनुहुन ।

सूर्यप्रसाद सुवेदी
महाशाखा प्रमुख
उप-सचिव

https://mail.google.com/mail/u/0/

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शिक्षा विकास तथा समन्वय इकाइ
इनरुवा , सुनसरी

फ्याक्स नं -०२५-५६०६७९
फोन नं - ०२५-५६०१५२

प.स. ०७९।८० (कार्यक्रम शाखा )
च.नं. 36

मितिः २०७९।०४।१०

श्री सुनसरी जिल्लाका सबै विद्यालयहरु ।

विषयः वैदेशिक रोजगार छात्रवृत्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ,वैदेशिक रोजगार बोर्डको सचिवालयको वैदेशिक रोजगार छात्रवृत्ति (शैक्षिक सत्र २०७९) का लागि निवेदन दिने बारेको मिति २०७९/०४/०९ को सूचना तहाँ सबै सम्बन्धित विद्यार्थीहरुलाई जानकारी गराइ छात्रवृत्ति निवेदन संकलन गरिने कार्यमा आवश्यक सहयोग गरी दिनु हुन अनुरोध छ ।विद्यार्थीहरुले आफू अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि २०७१ को अनुसूची (१) वमोजिमको ढाँचामा मिति २०७९ असोज मसान्तभित्र निवेदन दिने र शैक्षिक संस्थाले वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि २०७१ को अनुसूची (२) वमोजिमको ढाँचामा मिति २०७९ कार्तिक १५ गते भित्र जाँचवुझवाट उपयुक्त ठहर गरेका निवेदनहरु शिक्षा विकास तथा समन्वय इकाइ, सुनसरीमा पठाउनु पर्नेछ ।साथै वैदेशिक रोजगार बोर्डको सचिवालयको वैदेशिक रोजगार छात्रवृत्ति (शैक्षिक सत्र २०७९) का लागि निवेदन दिने बारेको सूचना यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

पुनश्चः सूचनामा उल्लिखित निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु वाहेक थप सम्वन्धित विद्यार्थी/हकवालाको नाममा रा.बा.वैंकमा खाता रहेको चेकको फोटो कपी समेत पेश गर्नुपर्ने छ।

..........................................
रमेशबहादुर दाहाल
उपसचिव(इकाइ प्रमुख)
रमेशवहादुर दाहाल
इकाई प्रमुख

वोधार्थ
श्री सुनसरी जिल्लाका सबै उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाहरु ।
(तहाँ स्थानीय तह अन्तरगतका विद्यालयहरुलाई छात्रववृत्तिको सूचना प्रवाह गरी दिनु हुन)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं

# वैदेशिक रोजगार छात्रवृत्ति (शैक्षिक सत्र २०७९) का लागि निवेदन दिने बारेको सूचना

प्रकाशित मिति : २०७९।०४।०८

श्रम स्वीकृति लिई वैदेशिक सेजगारका गई करार अवधि भित्र मृत्यु भएका वा पूर्णरूपमा असक्त वा गम्भीर विरामी भएका कामदारका बालवालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ को अनुसुचि (१) वमोजिमको ढाँचामा २०७९ साल असोज मसान्तभित्र निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विद्यार्थीले निवेदन पेश गर्ने निकाय**

- आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसुचि १ वमोजिमको ढाँचामा ।

**छात्रवृतिका लागि निवेदन दिने आधारहरु**

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भई वैदेशिक रोजगार बोर्डबाट **शत प्रतिशत (१००%) आर्थिक सहायता** लिएका कामदारका छोरा छोरी हुनु पर्नेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरूले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०७५ असार मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक शत्र २०७९ को छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु (हाल सम्म छात्रवृत्ति प्राप्त नगरेकाहरुका लागि)**

- कामदारको श्रम स्वीकृतिको निस्सा (स्टिकर) को प्रतिलिपी ।
- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपी ।
- वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
- बोर्डबाट आर्थिक सहायता प्राप्त गरेको प्रमाणित हुने कामदारको राहदानीको प्रतिलिपी र राहदानी नं. ।
- वैदेशिक सेजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरूपमा अशक्त भएको खुल्ने प्रमाण कागज ।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपी ।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपी ।
- सम्बन्धित स्थानीय तहको सिफारिस ।

**छात्रवृत्ति प्राप्त गरिरहेका बालवालिकाका लागि**

- विद्यार्थीको निवेदन ।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।
- कामदारको राहदानीको प्रतिलिपी ।

**छात्रवृत्तिको सीमा**

- बार्षिक रूपमा आधारभुत तहका लागि रू ८,०००। (आठ हजार) र माध्यमिक तहका लागि रू १२,०००। (वाइ हजार) प्रदान गरिने छ ।
- एक जना विद्यार्थिलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रूपमा एकमुष्ट वैदेशिक रोजगार छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**विद्यालयको जिम्मेवारी**

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने ।
- पेश भएका निवेदन संकलन गरी वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ बमोजिम निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू जाँचवुझ गर्नु पर्नेछ ।
- जाँचवुझबाट उपयुक्त ठहर गरेका निवेदनहरू सो कार्यविधिको अनुसुचि (२) को ढाँचामा सिफारिस सहित २०७९ कार्तिक १५ गते भित्र शिक्षा विकास तथा समन्वय इकाईमा पठाउनु पर्नेछ ।
- सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाई मार्फत प्राप्त छात्रवृत्तिको रकम सम्बन्धित सबै विद्यार्थीलाई उपलब्ध गराई सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइलाई दिनु पर्नेछ ।

**शिक्षा विकास तथा समन्वय इकाईको जिम्मेवारी**

- जिल्ला भित्रका सबै विद्यालयहरूलाई सो विद्यालयमा अध्ययनरत वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ वमोजिम छात्रवृत्ति पाउने विवरण संकलन गरी इकाईमा पेश गर्न जानकारी गराउने ।
- सम्बन्धित विद्यालयबाट सिफरिस सहित प्राप्त हुन आएका निवेदनहरूलाई जाँच गरी कार्यविधिको अनुसुचि (३) मा उल्लेखित विवरण खुल्ने गरी २०७९ मसिर १५ गते भित्र वैदेशिक रोजगार बोर्डमा पठाउनु पर्ने छ ।
- बोर्ड सचिवालयबाट शिक्षा तथा मानव श्रोत विकास केन्द्र मार्फत वा सोझै पठाएको छात्रवृत्ति रकम सम्वन्धित विद्यालय मार्फत छात्रवृत्ति प्राप्त गर्न छनौट भएका विद्यार्थीलाई उपलब्ध गराई सो को भरपाई बोर्ड सचिवलायमा पठाउने व्यवस्था गर्नु पर्ने छ ।

**(थप जानकारी श्रम कल सेन्टरको टोल फ्रि नं ११४१, वैदेशिक रोजगार बोर्डको फोन नं ०१-५३२०३११,४३३ वेवसाईट**